जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १९० २०८१ साल फागुन १४ गते बुधबार (26 Feb. 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : राजनीतिमा 'अनाशक्त योग' का ... ३ पृष्ठमा : 'पत्रकारितालाई स्वच्छ र ... ३ पृष्ठमा : कर वृद्धि तोकिएकै ...

## भूमिहीनको समस्या आफ्नै कार्यकालमा समाधान गर्ने : अध्यक्ष झा



**दैनिक समाचारदाता राजविराज, १३ फागुन ।**

भुमि समस्या समाधान आयोग सप्तरीका अध्यक्ष अखिलेश कुमार झाले जिल्लाका भूमिहीनको समस्या आफ्नै कार्यकालमा समाधान गर्ने प्रतिबद्धता जनाएका छन् ।

मंगलवार आयोगको विज्ञ सदस्यमा नियुक्त भएका पञ्च देव चौधरी र महिला सदस्यमा नियुक्त भएकी नानु चौधरीलाई पद तथा गोपनियताको शपथ गराउदै उनले यस्तो प्रतिबद्धता जनाएका हुन ।

सोही कार्यक्रममा अध्यक्ष झाले राजविराज नगरक्षेत्रको विटौरी, ब्लक जग्गामा पुर्खौदेखी वसोवास गर्दै आएका नागरिकलाई लालपुर्जा तथा जिल्लाका भुमिहिनको पहिचान गरि आफ्नै कार्यकालमा जग्गा उपलब्ध गराउने बताए ।

राजविराज नगरक्षेत्रमा पुस्तो देखी वसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवार हाल सम्म लालपुर्जा पाउन नसक्दा समस्यामा छन् ।

यता नगरवासी विटौरी र ब्लक जग्गाको लालपुर्जासहित नगरका अन्य समस्या समाधानको माग गर्दै संघर्ष समिति नै गठन गरी यही फागुन १५ गतेदेखी बिरोध प्रर्दशन, बजार बन्द, नगरपालिका, नापी, मालपोत लगायतका कार्यालयमा तालाबन्दी, रिले अनसन लगायतका चरणबद्ध आन्दोलन कार्यक्रम घोषणा गरिसकेका छन् ।

संघर्ष समितिका अध्यक्ष इरसाद अंसारीले विटौरी र ब्लक जग्गाको वर्षौ देखी कर लिने गरेको राजविराज नगरपालिकाले लालपुर्जा, नक्शापास उपलब्ध नगराउँदा बैङ्क तथा वित्तिय संस्थाले त्यस्तो जग्गा स्वीकार गर्न नमानेको भन्दै यसले गर्दा यहाँको व्यापार व्यवसाय चौपट हुनुका साथै शिक्ष, उपचार लगायतका कार्य गर्न पनि नगरवासीलाई समस्या भएको बताए ।

नेपाल पत्रकार महासंघका राष्ट्रिय परिषद सदस्य मनोज कुमार माझीले हजारौ परिवारको पीडा संग जोडिएको नगरको विटौरी र ब्लक जग्गाको समस्या समय मै समाधान गर्न आयोगका नवनियुक्त पदाधीकारीहरुले गम्भिरता देखाउनु पर्ने भन्दै सफल कार्यकालको शुभकामना दिए ।

कार्यक्रममा आयोगका सदस्य सचिव समेत रहेका नापी कार्यालयका प्रमुख सुमन किशोर मिश्र, डिभिजन बन कार्यालयका अधिकृत शशिन्द यादव लगायतले पनि विटौरी र ब्लक जग्गाको समस्या समाधान बारे आ-आफ्नो सुझाव सहित नवनियुक्त पदाधीकारीहरुलाई सफल कार्यकालको शुभकामना दिएका थिए ।

## विद्यालयसम्म ल्याउनका लागि गरिब विपन्न विद्यार्थीलाई कपी डटपेन सहयोग



**दैनिक समाचारदाता राजविराज, १३ फागुन ।**

सप्तरीको विष्णुपुर गाउँपालिकाले विद्यार्थीलाई विद्यालय ल्याउन प्रोत्साहन स्वरुप कपी कलम सहयोग उपलब्ध गराएको छ ।

गाउँपालिका अध्यक्ष उमेशप्रसाद यादवले मंगलबार वडा नं ७ स्थित दुईवटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पालिको तर्फबाट कपी र डटपेन सहयोग उपलब्ध गराएका हुन् ।

गाउँपालिकाको वडा नं ७ मा रहेको जनता माध्यमिक विद्यालय इटहरी र आधारभूत विद्यालय विष्णुपुरका २ सय ५ जना अध्ययनरत विद्यार्थीहरुलाई पालिकाको तर्फबाट कपी र डटपेन उपलब्ध गराईएको अध्यक्ष यादवले जानकारी दिए ।

"गरिव तथा विपन्न परिवारका विद्यार्थीहरु कपी डटपेनकै अभावमा विद्यालय आउन छाड्पछि उनीहरुलाई विद्यालयसम्म ल्याउनका प्रोत्साहन स्वरुप लागि कपी डटपेन उपलब्ध गराएका हौं ।" उनले भने, "विद्यालयहरुको नियमित अनुगमन गर्दा कतिपय विद्यार्थीहरु कपी डटपेन नै नभएर विद्यालय आउन छाड्न थालेपछि पालिकाको तर्फबाट थोरै सहयोग गरेका हौं ।"

उनले जनता मावि इटहरीमा कक्षा ६ देखि १० सम्म र आधारभूत विद्यालय विष्णुपुरमा कक्षा ६ र ७ का २ सय ५ जना छात्रछात्राहरुलाई १ हजार ४ सय ८० थान कपी र ४ सय २४ थान डटपेन उपलब्ध गराएको उनले जानकारी दिए ।

यसरी उनीहरुलाई बेलाबेलामा थोरै शैक्षिक सामग्रीको सहयोग भयो भने विद्यार्थीहरुको मनोवल उच्च हुने र उनीहरु नियमित विद्यालयमा पढ्न आउने अध्यक्ष यादवले विश्वास व्यक्त गरे ।

## श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान आग्रह

काठमाडौं, १३ फागुन (रासस) ।

सरकारद्वारा तोकिएका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान नेपाली दूतावास बैंककले पुनःअनुरोध गरेको छ ।

कम्बोडिया लाओस, म्यानमार र थाइल्याण्डलगायत मुलुकमा नेपाली नागरिक अलपत्र परेका र उद्धारका लागि कठिनाइ भइरहेको उल्लेख गर्दै दूतावासले प्रक्रियाअनुसार वैदेशिक रोजगारीमा जान पुनःआग्रह गरेको हो ।

अनलाइन स्क्यामिङ कार्यमा लगाइएका नेपाली नागरिकलाई नेपाली राजदूतावासले थाइल्याण्ड सरकारको सहयोगमा म्यानमारको मेवाडीबाट उद्धार

***बाँकी अन्तिम पृष्ठमा***

## कानुन व्यवसायीले १० वर्ष पछि न्याय पाउने विश्वास

**दैनिक समाचारदाता राजविराज, १३ फागुन ।**

वैदेशिक रोजगारमा गएको बेला ठगीमा परेर न्याय पाउन मुद्दा लड्दै आएका राजविराजका एक कानुन व्यवसायीले १० वर्ष पछि न्याय पाउने विश्वास बढेको छ ।

सधैं अरुको न्यायका लागि बहस पैरवी गर्दै आएका राजविराज नगरपालिका ६ निवासी विजय कुमार झा आफै ठगीमा परेर मुद्दा लड्दै गर्दा बल्ल अदालतबाट मंगलवार भएको आदेशले उनमा न्याय पाउने विश्वास बढेको हो ।

१० वर्ष अघि बैदेशिक रोजगार कसुर सम्बन्धि ठगी मुदामा तत्कालिन पुनरावेदन अदालत पाटनले झाले पक्षमा आदेश दिएपनि सम्बन्धित निकायले त्यसको कार्यान्वयन गरेको थिएनन् ।

साविक सप्तरीको कल्याणपुर ६ हाल खडक नगरपालिका निवासी कर्मचन्द चौधरीले आफुलाई वैदेशिक रोजगामा पठाउने एजेन्ट रहेको विश्वास दिलाउदै झा लाई २०६६ साल बैशाख २ गते मलेशिया पठाउने शर्तमा १ लाख ३५ हजार रुपैया लिएका थिए ।

चौधरीको विश्वासमा परेर ऋण सापटी गरि रकम बुझाइ मलेशिया पुगेका झाले त्यहाँ काम नपाएर अलपत्र परेका थिए ।

मलेशियामा आफु अलपत्र परेको जानकारी गराएपछि परिवारजनको सहयोगमा उनी घर फर्कि चौधरी विरुद्ध २०६६ साल ज्येष्ठ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । त्यसपछी पक्राउ परेका चौधरी रकम फिर्ता गरिदिने वा पुनः अर्को ठाउँमा रोजगारीका लागी पठाउने भनी प्रहरी कै रोहबरमा कागजात गरी थुनामुक्त भएका थिए । तर, तोकेको समयामा चौधरीले सहमती भए अनुसारको रकम फिर्ता नगरेपछि २०६८ साल कातिक ८ मा प्रहरीले चौधरीलाई पुनःपक्राउ गरि ठगी

***बाँकी अन्तिम पृष्ठमा***

**जैविक विविधताको संरक्षण गरौं**

- वनजङ्गलको संरक्षण र वृक्षारोपणका कार्यक्रम संचालन गरौं,
- जलाधार क्षेत्र र सिमसार क्षेत्रको संरक्षणमा जुटौं,
- दुर्लभ वनस्पति तथा पशुपंक्षीको अवैध सिकार र तस्करीविरुद्ध आवाज उठाऔं,
- वातावरणीय सन्तुलन कायम हुने गरी विकासको कार्यक्रम संचालन गरौं,
- परम्परागत कृषि वाली र पशु नश्लको संरक्षण गरौं ।

**जैविक विविधताको संरक्षण बारेमा जनचेतना जगाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### महाशिवरात्री पर्व सभ्य रुपमा मनाऔं, संस्कृती जोगाऔं

भगवान शिवको उत्पत्ति भएको रातका नामबाट नामकरण भएको शिवरात्री आज मनाइदै छ । महाशिवरात्री हिन्दुहरूको प्रमुख चाड मध्ये एक हो । यो भगवान शिवको प्रमुख पर्व हो । पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रि मध्ये एक पवित्र पर्वका रूपमा पुराणहरूमा वर्णित छ । फागुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई सम्पूर्ण दीन दुःखी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीहरूको हृदयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइने गरिन्छ । व्रत उत्सव मध्ये सर्वोत्तम कहलिएको महाशिवरात्रीका दिन भक्तजनहरूले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्दछन् ।

यस पर्वका दिन उपवास गरी "ॐ नमः शिवाय" मन्त्र जप्ने गरेमा सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास रहेको छ । ब्रह्माले रूद्ररूपी शिवजीलाई उत्पन्न गरेको दिन, शिव पार्वतीको विवाहको दिन शिवरात्रि पर्व कृष्ण चतुर्दशीमा मनाइन्छ । निर्जल व्रत, रात्रि जागरण, चार प्रहरको पूजा, शिवलिंगमा दूधको अभिषेक र शिव महिमा कीर्तन शिवरात्रिको पूजा अर्चनाका मुख्य अङ्ग मानिन्छन् । पूजन वा शिवार्चनमा इशान मूर्तिलाई दुधले स्नान गराइन्छ । सृष्टिको प्रारम्भमा यसै दिन मध्यरात्रि कालमा भगवान् शंकर ब्रह्माबाट रुद्रका रूपमा अवतरण भएका थिए भन्ने धार्मिक विश्वास रहेको छ ।

तर कहिले यो पर्वमा भाग, गाजा तथा धतुर सेवन गर्ने परम्परा जस्तै भइसकेको छ । यसमा भक्तजनहरु ती पदार्थहरु सेवन गरि आफूलाई शिवको भक्त ठान्ने गरेका छन् । शरीरलाई हानी पुऱ्याउने पदार्थहरु सेवन गर्नु पक्कै पनि राम्रो होइन् । तसर्थ यस्ता सभ्य रुपमा पुजाआजा गरि पर्व मनाउनेतर्फ ध्यान पुगेमा संस्कृतीको जर्गेना, उत्थान तथा सम्बर्द्धन हुनेछ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजनीतिमा 'अनाशक्त योग' का साधक गान्धीवादी नेता निधि

**सन्जय पन्थी**

काठमाडौँ, १३ फागुन (रासस) ।

नेपालको राजनीतिमा गान्धीका अनुयायी भनेर बिपी कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह श्रेष्ठ, महेन्द्रनारायण निधि र रामहरि जोशीलाई स्मरण गरिन्छ । राजनीतिमा लागेर स्वतन्त्रता र न्यायका लागि गान्धीको पदचाप पछ्याएका अग्रजलाई नेपाली समाजले गान्धीवादी नेता भनेर चिन्दछ । नेपालमा अरू पनि गान्धी विचारका अनुयायी र पक्षपाती रहे । तीमध्ये निधिको आदर्श, चरित्र र व्यवहारमा कति गान्धीवादी गुण रह्यो ? निधिको जन्मोत्सवका अवसर पारेर केलाउँदा अन्यथा नहोला । आदर्शनगरी जनकपुरवासी निधिलाई किन, गान्धीवादी भनेर स्मरण गर्छन् ? गान्धीको नेतृत्वमा भारतमा स्वतन्त्रताको प्राप्तिको आन्दोलन चलिरहेको थियो । जयप्रकाश नारायण (जेपी) र राममनोहर लोहिया अग्रमोर्चामा थिए । त्यसबखत विहार पुगेका निधिको लोहियासँग भेट हुँदा लोहियाले भनेछन्, "म मारवाडी भएर राजनीतिमा लागेको छु, तपाई कायस्थ भएर पनि व्यापारमा ?" लोहियाको उक्त वचनले निधिलाई राजनीतिमा होमिन उत्प्रेरित गऱ्यो ।

गान्धीले गोपालकृष्ण गोखलेलाई राजनीतिक गुरु माने जस्तै निधिले लोहियालाई राजनीतिक गुरु मान्नुभएको थियो । निधिका पुत्र एवं नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि 'पिताजीमा गान्धीको आदर्श र विचार मात्र नभएर आजीवन चरित्र पनि कायम रहेको बताउनुहुन्छ । गान्धीले जस्तै सत्य र अहिंसाको जगमा राष्ट्र पुनर्निर्माण हुनुपर्छ र त्यो पुनर्निर्माण गाउँबाट सुरु हुनुपर्छ भन्ने महेन्द्रनारायणको बुझाइ थियो । उहाँले २०५४ वैशाख ३० मा स्थानीय निकायको निर्वाचन दलविहीन प्रतिस्पर्धा हुनुपर्छ भन्दै विज्ञप्ति नै निकाल्नुभएको थियो । यसअघि पनि उहाँले पटक-पटक कांग्रेस केन्द्रीय समितिमा गाउँ-गाउँमा दलीय राजनीतिक अभ्यास गर्नु हुँदैन । यसले योग्य मान्छे पाखा लाग्छन् भन्ने कुरा उठाउने गर्नुहुन्थ्यो । गाउँ-गाउँबाट योग्य मान्छे पाखा लाग्दै जाने र दलको झन्डा बोकेका तर अयोग्य मान्छेले स्थानीय सरकारमा प्रतिनिधित्व गर्दै गए भने भोलिको नेपाल कस्तो होला ? भन्ने चिन्ता उहाँमा थियो ।

स्थानीय निर्वाचनको सन्दर्भमा प्रजातन्त्रवादीका हैसियतले गाउँमा दलीय राजनीतिक अभ्यास हुनुहुँदैन । यसलाई समयमै निरुत्साहित गर्न सकेनौं भने भोलि गाउँ, नगर, टोलमा विकासका लागि सोच्ने समाजवादी र विकासप्रेमी योग्य मान्छे पाखा लाग्नेछन् र पार्टीको झन्डा बोकेर भ्रष्टाचार गर्ने गिरोहले समाजलाई गलत बाटोमा लैजानेछ भन्ने उहाँको बुझाइ थियो । निधिको स्थानीय निकायको निर्वाचन बारेको बुझाइलाई अहिलेसम्म पनि उपहास गरिँदै आएको छ । स्वतन्त्र रूपमा विजयी भएका नगर प्रमुखहरू बालेन साह, हर्क साम्पाङ, गोपी हमालगायतका व्यक्तिहरूको कल्पना निधिले उहिल्यै गर्नुभएको थियो । निधिले 'भोलि गाउँ, नगर, टोलमा विकासका लागि सोच्ने समाजवादी र विकासप्रेमी योग्य मान्छे पाखा लाग्नेछन् र पार्टीको झन्डा बोकेर भ्रष्टाचार गर्ने गिरोहले समाजलाई गलत बाटोमा लैजानेछन्' भनेको कुरा अहिले छर्लङ्ग भएको छ । पार्टीको झन्डा बोकेर भ्रष्टाचार गर्ने गिरोहले नेपालका पार्टीहरू नै कब्जा गरेको अवस्था छ । वित्तीय अनुशासनमा राज्यका संयन्त्र कमजोर भएका उदाहरणहरू एकपछि अर्को आइरहेका छन् । राजनीतिक नेतृत्वले निधिको जीवनबाट धेरै कुरा बुझ्न र सिक्न आवश्यक छ ।

गान्धीको आदर्शलाई निधिले जीवनमा उतारेका दृष्टान्त कैयौं छन् । गान्धीले 'ग्राम स्वराज' को कल्पना गरेर 'ग्राम पञ्चायत' अवधारणामा स्थानीय निर्वाचन दलविहीन हुनुपर्छ भन्नुभएको थियो । २००४ सालमा उहाँ सत्याग्रहका पक्षपाती रहनुभयो भने २०१४ सालमा सत्याग्रही हुँदा गिरफ्तार हुनुभयो । २०१७ साल पुस १ गते नेपाली राजनीतिमा अवाञ्छित दिनका रूपमा दर्ज छ । यस घटनापछि नेपाली कांग्रेसको पटना सम्मेलनले सशस्त्र आन्दोलन गर्ने निर्णय गऱ्यो । हिंसाको राजनीतिमा असहमति प्रकट गर्दै निधि नेपाल फर्किनुभयो । उहाँमा निहित अहिंसात्मक आदर्श विचार त्यसबखत पनि प्रकट हुनपुग्यो । निधि भारत प्रवासमै बसेर जोगिन सक्नुहुन्थ्यो वा स्वदेश फर्किएपश्चात् प्रलोभित भएर पद र प्रतिष्ठाको जीवनमा रमाउन सक्नुहुन्थ्यो तर उहाँभित्रको निष्ठा र आदर्शले नै गिरफ्तारी दिनुभयो ।

सत्याग्रहीको आदर्श गुण कायम राख्नुपर्छ भन्ने उहाँको मान्यता थियो । सत्याग्रहीमा स्वदेशी, अपरिग्रह, निर्भय, आत्मसंयमी र आत्मानुशासनको गुण हुनैपर्छ । त्यो गुण चरित्र र व्यवहारमा प्रकट हुनुपर्छ । सच्चा सत्याग्रही त्यागी, आत्मसंयमी र अपरिग्रही हुनुपर्छ । चारित्रिक एवं नैतिक बल नभई कुनै व्यक्ति सत्यको मार्गमा हिँड्न सक्दैन । सत्यका अनुयायीमा मन, वचन र कर्ममा स्वनियन्त्रण गर्नसक्ने क्षमता रहन्छ । अहिंसा र सत्याग्रहबीच अन्योन्याश्रित सम्बन्ध रहन्छ । उल्लेखित गुणका कारण निधि अहिंसात्मक आन्दोलनका पर्यायी बन्नुभयो । 'साधन शुद्ध नभएसम्म साध्यमा पुग्न सकिँदैन' भन्ने गान्धीको भनाइलाई उहाँले जीवनभर आत्मसात् गर्नुभयो ।

त्यस बखत नेपालमा पनि अहिंसात्मक आन्दोलन चलाउनुपर्छ भन्ने उहाँको मान्यता थियो । हिंसालाई पृष्ठपोषण गर्दै पद र प्रतिष्ठाको राजनीति उहाँले कहिल्यै गर्नुभएन । त्यसैले वर्तमान पुस्ताले निधिलाई स्मरण गरिरहन्छ । समाजवादी चिन्तक स्व प्रदीप गिरिका अनुसार नेपाली कांग्रेसको इतिहासमा निधिको त्यो असहमति नै सत्याग्रहको बिजारोपण थियो । कालान्तरमा त्यो विमति 'पुष्पित पल्वित' भएर झाँगियो । त्यही असहमतिको जगमा २०४२ सालको सत्याग्रह हुनपुग्यो । २०४२ सालको जगमा २०४६ सालको शान्तिपूर्ण आन्दोलन हुनपुग्यो । उहाँको आदर्श, चिन्तन र चरित्रमा एकरुपता पाइन्छ ।

त्यसबेलाका नेता बिपी कोइराला र सुर्वण शमशेरसँग पृथक मत राखेर कांग्रेस भएर बाँच्नु कल्पना बाहिरको विषय थियो । त्यसका निम्ति उच्चकोटीको आत्मबल र नैतिक साहसको खाँचो थियो । 'निधिमा उल्लिखित दुवै गुण रहेको गिरीले लेख्नुभएको छ । बिपी, गणेशमान, किसुनजी, महेन्द्रनारायण, सिके प्रसाई, योगेन्द्रमान शेरचनलगायतका कैयौं नेताहरूको आदर्श र निष्ठाले कांग्रेसको राजनीति तप्त थियो । कांग्रेसका लागि त्यो युग स्वर्णयुग थियो । नेताहरूमा त्याग र समर्पणको उच्च संस्कार थियो । २०१५ सालको पहिलो संसद्मा किसुनजी सभामुख र निधि उपसभामुख बन्नुभयो । राजा महेन्द्रद्वारा प्रजातन्त्रको अपहरणसँगै दुवै जना जेल पर्नुभयो । संयोग दुवै जनालाई नख्खु जेलमा राखियो । दवै नेता अहिंसाका पक्षपाती हुनुहुन्थ्यो । 'जेलमा नै संसद् सञ्चालन गरौं' भन्नेसम्मको छलफल चलाएको स्मरण समकक्षी गान्धीवादी नेता स्व रामहरि जोशीले एक प्रसङ्गमा भन्नुभएको थियो ।

बिपी, गणेशमान, शैलेजा आचार्य, केबी गुरुङलगायतका नेता राष्ट्रिय मेलमिलापको नीति अवलम्बन गर्दै २०३३ पुस १६ गते भारतबाट स्वदेश फर्किनुभयो । बिपीमाथि राज्य विप्लवका सातवटा मुद्दा थिए । ती मुद्दामा फाँसीको सजायसम्म हुनसक्थ्यो । बिपीमा निहित सुषुप्त गान्धीवादी गुण त्यस बखत एक्कासि प्रकट भएकामा शुभचिन्तकहरू भयले त्रस्त थिए । बिपी बाँचुन्जेल निरङ्कुशताविरुद्ध सङ्घर्षरत रहनुभयो । स्वदेशमा रहेर निरङ्कुशताविरुद्ध सङ्घर्ष गर्नेहरूमा निधि अग्रपङ्क्तिमा हुनुहुन्थ्यो । निःसन्देह गान्धीका अहिंसात्मक दर्शनलाई उहाँले जीवनभर अपनाउनुभयो । निधि आजीवन 'निष्काम कर्मवादी' रहनुभयो ।

जीवनका कठिन घडीमा पनि आस्थामा विचलित नभई निधि 'अनाशक्त योग'का साधक रहनुभयो । कांग्रेस स्थापनाकालदेखि नै निधि अहिंसात्मक राजनीतिका पक्षपाती रहनुभयो । जसरी गान्धीले भारतमा हिंसालाई सहारा बनाउनुभएन, त्यसैगरी, निधिले हिंसाको राजनीतिसँग कहिल्यै सम्झौता गर्नुभएन । दुर्भाग्य सत्यलाई आचरणमा व्यक्त गर्ने राष्ट्रियताका पक्षपाती निधिले कतिपय अवस्थामा पार्टीभित्रै शङ्काको सिकार बन्नुपऱ्यो । २०५१ सालमा गिरिजाप्रसाद कोइरालाले संसद् विघटन गरिरहँदा त्यसलाई रोक्न गणेशमानले निधिलाई प्रधानमन्त्री बनाउन चाहनुभएको थियो । आफ्नो असहमतिका बाबजुद भएको उक्त निर्वाचनमा निधि उम्मेदवार बन्न चाहनुभएन । बरु राजनीतिबाट विश्राम लिनुभयो । सरलता, सादगी र स्वच्छ छविप्रति उहाँ सदैव सचेत रहनुहुन्थ्यो । पद, पैसा र शक्तिबाट उहाँ टाढै रहनुभयो ।

पञ्चायत सरकारले २०२८ सालमा नयाँ शिक्षा लागू गर्दा उहाँले मातृभाषामा शिक्षाको सुनिश्चित गर्न माग गर्नुभएको थियो । साथै, उहाँले उक्त शिक्षा नीतिको खुलेर विरोध गर्नुभयो । गान्धीले सन् १९३७ मा वर्धा शिक्षा सम्मेलनमा मातृभाषासहितको शिक्षाको पक्षमा आवाज उठाउनुभएको थियो । साथै, आधारभूत तहको शिक्षा राज्यले निःशुल्क गर्नुपर्ने प्रस्ताव पारित गराउनुभएको थियो । भारतको इतिहासमा 'वर्धा एजुकेसन कन्फ्रेन्स'को छुट्टै महत्व छ । त्यसैले भन्न सकिन्छ, गान्धी विचार र क्रियाकलापबारे पनि निधिमा गहन अध्ययन र प्रभाव थियो ।

निधि २००७ सालको क्रान्तिको सफलतासँगै महोत्तरी जनसरकारको प्रधानमन्त्री बन्नुभयो । पार्टीको सिद्धान्त र विचारलाई व्यवहारमा प्रस्तुत गर्नुभयो । २०१५ सालको निर्वाचनमा उम्मेदवार बनेर विजयी हुनुभयो । पहिलोपटक २००४ सालमा जेल परेका निधि जीवनमा १२ पटक जेल परे । संयोग गान्धी पनि जीवनमा १२ पटक नै जेल परेका थिए । पारिवारिक स्रोतका अनुसार निधिका पिता राजेश्वर निधि पनि गान्धीवादी रहेको जानकारी हुन्छ । परिवारका अनुसार राजनीतिमा क्रियाशील रहे पनि निधि कृषि कर्ममा सहभागी हुन्थे । गाउँमा सिँचाइका लागि पैनी, कुलो, नहर बनाउन जुट्थे । गान्धीको आत्मनिर्भरताको सिद्धान्तले उहाँ निर्देशित रहनुभयो । गान्धीले भन्नुभएको थियो, 'अन्न, वस्त्र, आरोग्य र शिक्षा' मा आत्मनिर्भर हुनसके दुनियाँमा कसैको 'गुलाम' हुनु पर्दैन ।

निधि 'सादा जीवन, उच्च विचार'सहित त्यागयुक्त जीवन बाँच्नुभयो । त्यसैले कर्म र व्यवहारले निधि सच्चा गान्धीवादी बन्नुभयो । निष्ठावान्, निधि, निर्विकल्प प्रजातान्त्रिक आस्थामा अडिग रहनुभयो । पद र प्रतिष्ठाका लागि उहाँले जीवनभर कसैसँग सम्झौता गर्नुभएन । सच्चा सत्मार्गीको आत्मा मणि जस्तै शुद्ध र 'स्फटिक' रहन्छ । गान्धीमा जस्तै निधिमा पनि 'स्फटिक' जीवनशैली झल्किन्छ । अन्धभक्त कार्यकर्ताको आत्मप्रशंसामा उहाँ कहिल्यै रमाउनु भएन । निधिको १०४औं जन्मोत्सव मनाइरहँदा नेपाली कांग्रेसका नेताले दूरदराजमा रहेका सच्चा शुभचिन्तक र आस्थाका धरोहर मतदाताको अनुहार निधिमा रहेको विवेकको चस्माले हेर्न सक्नुपर्छ । अनिमात्र उहाँप्रति सच्चा श्रद्धाञ्जली व्यक्त हुनेछ । (लेखक अहिंसा र गान्धी विषयका अध्येता हुनुहुन्छ)

# पत्रकारितालाई स्वच्छ र मर्यादित बनाउन आमसञ्चार परिषद् विधेयक

काठमाडौँ, १३ फागुन (रासस)।

सांसदहरूले प्रेस काउन्सिलभन्दा व्यवस्थित र शक्तिशाली निकायका रूपमा आमसञ्चार परिषद् स्थापना हुनुपर्ने धारणा राख्नुभएको छ। पत्रकारिता पेशालाई स्वच्छ र मर्यादित बनाउन आमसञ्चार परिषद् विधेयक महत्त्वपूर्ण हुने उहाँहरूको कथन छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङले राष्ट्रियसभामा उत्पत्ति भएको 'आमसञ्चार परिषद् विधेयक, २०८१ माथि विचार गरियोस्' भनी प्रस्ताव पेश गर्नुभएको थियो। उक्त विधेयकमाथि धारणा राख्ने क्रममा सांसदहरूले प्रेस काउन्सिलभन्दा व्यवस्थित र शक्तिशाली निकाय जरूरी रहेको बताउनुभयो।

स्वस्थ, स्वतन्त्र, मर्यादित र उत्तरदायी पत्रकारिताको विकास तथा प्रवर्द्धन गर्दै पत्रकारितामा पेशागत आचरण कायम राख्नका लागि मिडिया काउन्सिलको स्थापना गर्ने उद्देश्यसहित यो कानून तय गरिएको हो।

विधेयकमाथि आफ्नो धारणा राख्ने क्रममा सांसद रघुजी पन्तले पत्रकारिता क्षेत्रमा अहिले आचारसंहिता उल्लङ्घन भएको छ वा छैन भनेर प्रेस काउन्सिल प्रभावकारी रूपमा हेर्न नसकेकाले मिडिया काउन्सिललाई अधिकारसम्पन्न र बलियो बनाइनुपर्ने बताउनुभयो। काउन्सिलले सञ्चार मन्त्रालयको शाखाका रूपमा राख्न नहुने धारणा उहाँको छ।

विगतमा सर्वोच्च अदालतको न्यायाधीश प्रेस काउन्सिलमा रहने व्यवस्था रहेको स्मरण गर्नुहुँदै उहाँले अहिलेको प्रेस काउन्सिलको संरचना उपयुक्त नरहेको समेत बताउनुभयो। "पत्रकार आचार संहिता कार्यान्वयन गर्ने विषय गम्भीर हो। गरिमामय संस्था भएन भने उसले सक्दैन। नैतिक बल राख्ने सञ्चार परिषद् आवश्यक छ", उहाँले भन्नुभयो।

अर्का सांसद सांसद सूर्यबहादुर थापा क्षेत्रीले सञ्चार क्षेत्रलाई दुरूपयोग गर्ने प्रवृत्ति बढेको बताउनुभयो। स्वच्छ, स्वस्थ र विश्वसनीय पत्रकारिताका लागि यो परिषद् आवश्यक रहेको उहाँको भनाइ छ। त्यस्तै, प्रेस काउन्सिलले पत्रकारिता क्षेत्रका आजका चुनौती सम्बोधन गर्न नसकेका कारण परिषद्को परिकल्पना गरिएको उल्लेख गर्दै उहाँले पत्रकारिता क्षेत्रको व्यवस्थित निगरानी गर्ने संयन्त्रका रूपमा यो निकायले काम गर्नसक्नुपर्ने बताउनुभयो।

अर्का सांसद ज्ञानबहादुर शाहीले विधेयकको दफा २५ मा कोष व्यवस्थापनका लागि आर्थिक अनुदान लिने विषय र सञ्चार माध्यामा विदेशी लगानी ल्याउन सकिने प्रावधान अरू कानूनसँग बाझिएको बताउनुभयो। सञ्चार माध्याममा वैदेशिक लगानी खुला नगरिएकाले यस विषयमा पुनर्विचार गर्न उहाँले आग्रह गर्नुभयो।

कस सांसद किरणकुमार शाहले विधेयकले आमसञ्चार क्षेत्रले नागरिकलाई सूचित गर्दै सरकारलाई उत्तरदायित्व बनाउन सहयोग गर्न र आमसञ्चार क्षेत्रलाई पारदर्शी बनाउन सहयोग गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "गलत सुचनाले समाजमा अविश्वासको वातावरण तय हुन्छ। विधेयकले पेशागत सुरक्षाको ग्यारेन्टी तथा सूचनाको हकलाई सुनिश्चित गर्न विधेयकले सहयोग गर्छ। केही अस्पष्ट प्रावधान सुधार गर्न छलफल आवश्यक छ।"

सांसद रञ्जुकुमारी झाले सामाजिक सदभावका लागि आमसञ्चार विधेयकले सहयोगी हुने बताउनुभयो। "धेरै राम्रा पक्ष हुँदा हुँदै पनि केही खराब पक्ष पनि छ। सरोकारवालासँग छलफल गरेर सुधार गर्नुपर्छ। यो विधेयक नियन्त्रणका लागि होइन नियमनका लागि बनोस्। होस्, प्रेस स्वतन्त्रतामा प्रतिकूल असर पुग्ने काम नहोस्," उहाँले भन्नुभयो।

सांसद विमला सुवेदीले यो विधेयकले आमसञ्चारलाई व्यवस्थित गर्न सकिने बताउनुभयो। "परिषद्लाई स्वतन्त्र, निष्पक्ष बनाउन संरचना बनाउनुपर्छ। सामावेशी परिषद् बनाउन विधेयकमा ध्यान दिनुपर्छ," उहाँले भन्नुभयो, "आमसञ्चारको माध्यमलाई विश्वासिलो र पारदर्शी बनाउन विधेयकले सहयोग गरोस्।"

सांसद विनिता कठायतले विधेयकले स्वस्थ्य तथा मर्यादित पत्रकारिता विकासका लागि होइन यो आफ्नो विरूद्ध समाचार रोक्नका लागि प्रयोग हुने सम्भावना बोकेको धारणा राख्नुभयो।

सांसद डा चन्दा कार्की भण्डारीले अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्दै, पत्रकारितालाई मर्यादित, स्वतन्त्र र जिम्मेवार बनाउने विधेयकको लक्ष्य भए पनि केही कमजोरी रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "केही प्रावधानले स्वतन्त्र पत्रकारितामा नियन्त्रणको आशङ्का छ। संसद्मा पुग्दा मुल भाव भङ्ग भएको, विज्ञको सुझाव तोडमोड गरिएको भन्ने छ। यस्तो परिवर्तन किन आवश्यक परेको हो ?" उहाँले भन्नुभयो, "राज्यले पत्रकारितालाई नियन्त्रण गर्नुभन्दा पनि नियमन गर्न उचित हुन्छ।"

सांसद शिशिर खनालले यो विधेयकले संविधानले सुनिश्चितता गरेको पूर्ण प्रेस स्वतन्त्रताको रक्षा गर्छ की गर्दैन ? स्वच्छ र जवाफदेही पत्रकारिता विकास गर्छ की गर्दैन ? भन्ने बहस आवश्यक रहेको बताउनुभयो। उहाँले यो परिषद्को साङ्गठनिक संचनामा सरकार हावी भएकाले पत्रकारितालाई स्वतन्त्र र निष्पक्ष राख्न नसकिने धारणा व्यक्त गर्नुभयो।

सांसद ईश्वरीदेवी न्यौपानेले विधेयकमा व्यापक छलफल गरेर अगाडि बढ्नुपर्ने र मिडिया सामग्रीमा तथ्यमा आधारित सम्प्रेषण गर्नुपर्ने र संवेदनशील मुद्दामा सन्तुलित र निष्पक्ष जानकारी प्रदान गर्न र नकरात्मक प्रचारबाट बच्न मापदण्ड अपनाउनुपर्ने बताउनुभयो। सांसद ज्ञानेन्द्रबहादुर कार्कीले परिषद्लाई जति विश्वसनीय बनाउन सक्यौं त्यति नै प्रभावकारी बन्ने बताउनुभयो।

सांसद माधव सापकोटाले मिडिया क्षेत्रलाई पूर्ण स्वतन्त्रता दिइनुपर्ने संविधानले नै तय गरेको बताउँदै सञ्चार जगतमा केही समस्या भए पनि सबै सञ्चार माध्यम र सञ्चारकर्मीलाई एउटै डालोमा नहेर्न आग्रह गर्नुभयो। सांसद ठाकुरप्रसाद गैरेले विधेयकलाई समर्थन गर्दै थप समृद्ध बनाउनुपर्ने बताउनुभयो। सांसद मेटमणी चौधरीले यो विधेयकले सञ्चारमाध्यममाथि सरकारी अङ्कुश लगाउने प्रयास भएको जस्तो देखिने बताउनुभयो।

सांसद अशोककुमार चौधरीले विधेयकले पत्रकारिता क्षेत्रको नियमन सुरक्षा, र पत्रकारिताको मर्यादा सुनिश्चित गर्न सक्ने बताउनुभयो। "पत्रकारितालाई मर्यादित र जिम्मेवारी बनाउन आवश्यक छ। तर विधेयकले पत्रकारिताको स्वतन्त्रता माथि नियन्त्रण गर्न हुँदैन," उहाँले भन्नुभयो, "सरकारको आलोचना गर्ने पत्रकारलाई अनावश्यक हस्तक्षेप रहन सक्छ। विधेयकले पत्रकारको कर्तव्यलाई ध्यान दिएको तर अधिकारका विषयमा कम ध्यान दिएको छ।"

सांसद ज्ञानु बस्नेत सुवेदीले विधेयकको संरचना र कार्यविधि स्पष्ट हुनुपर्नेमा जोड दिनुभयो। अर्का सांसद सहराज अहमद फारूकीले आमसञ्चार परिषद् विधेयक २०८१ मा सञ्चार क्षेत्रको स्वतन्त्रता, निष्पक्षता कायम राख्नुपर्ने सुझाव दिनुभयो। "पत्रकार सुरक्षा र कल्याण तथा अधिकारका लागि विशेष प्रावधान गरेमा उनीहरूको पेशागत सुरक्षा हुन सक्छ," उहाँले भन्नुभयो।

सांसद नागिना यादवले सबै मिडियाको उचित व्यवस्थापन गर्न सकेमा मात्रै विधेयकको कार्यन्वयन गर्न सहज हुने बताउनुभयो। "परिषद्मा विज्ञहरू पठाउनुपर्ने व्यवस्था हुनुपर्छ। राजनीतिक आस्थाको आधारमा नियुक्ति गरिनुहुँदैन," उहाँले भन्नुभयो।

सांसद सुशीला सिर्पाली ठकुरीले आमसञ्चार परिषद् विधेयक २०८१ मा सरकारको प्रत्यक्ष नियन्त्रण हटाउनुपर्ने बताउनुभयो। सांसद निशा डाँगीले विधेयकमा स्वतन्त्र अर्धन्यायिक रूपमा काम गरिरहेको प्रेस काउन्सिललाई सरकारको नियन्त्रणमा राख्न खोजिनु आपत्तिजनक रहेको बताउनुभयो। "सरकारको प्रभावमुक्त बनाउँदै स्वतन्त्र पत्रकारितलाई प्रवर्द्धन गर्न विधेयक ल्याउनुपर्छ। स्वयत्त निकायको रूपमा पनि विकास गर्नुपर्छ," उहाँले भन्नुभयो।

सांसद डा तोसिमा कार्कीले सञ्चार माध्यमलाई मर्यादित, थप जिम्मेवार बनाउन, उत्तरदायी बनाउनका लागि विधेयक आए पनि यसमा भएका सञ्चार क्षेत्र अङ्कुश लगाउने प्रावधानमा सुधार गर्नुपर्ने सुझाव दिनुभयो।

सांसद प्रेमबहादुर महर्जनले विधेयकले सञ्चारकर्मीको हकहित र पेशागत सुरक्षामा केन्द्रित रहेर विधेयक ल्याउनुपर्नेमा जोड दिनुभयो। सांसद सुनिता बरालले जवाफदेयी पत्रकारितालाई प्रवर्द्धन गर्नेगरी विधेयक आउनुपर्ने बताउनुभयो। "नियुक्ति लगायतका व्यवस्थालाई थप स्पष्ट पार्नुपर्छ। पदलाई न्याय हुनेगरी पदको व्यवस्था गर्नेगरी विधेयक ल्याउनुपर्छ," उहाँले भन्नुभयो।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### कर वृद्धि तोकिएकै समयमा : राष्ट्रपति ट्रम्प

वासिङ्टन, १३ फागुन (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोँसँगको भेटपछि पत्रकारलाई सम्बोधन गर्दै क्यानडा र मेक्सिकोमा आफूले घोषणा गरेको कर योजनाअनुसार अघि बढिरहेको बताउनुभएको छ।

राष्ट्रपति ट्रम्पले आफ्ना सहयोगीसमेत प्रतिद्वन्द्वीलाई चर्को करको चेतावनी दिइरहेका बेला उहाँ र म्याक्रोँबीच युक्रेनको द्वन्द्वमा केन्द्रित वार्ता भएको हो।

पदभार ग्रहण गरेलगत्तै राष्ट्रपति ट्रम्पले अवैध आप्रवासन र घातक फेन्टानिलको प्रवाहको कारण देखाउँदै क्यानडा र मेक्सिकोबाट आउने आयातमा २५ प्रतिशतसम्म कर लगाउने घोषणा गर्नुभएको थियो।

च्यस्वार्ता जारी रहेकै बेला उहाँले अन्तिम समयमा एक महिनाका लागि कर वृद्धि स्थगन गरिएको घोषणा गर्नुभएको थियो।

यो विराम अर्को मङ्गलबार समाप्त हुनेछ, र सबैको नजर उत्तर अमेरिकी छिमेकीहरूले उनीहरूको कार्यान्वयन रोक्नका लागि सम्झौतामा आउन सक्छन् कि सक्दैनन् भन्नेमा छ। कर वृद्धिले अटो उत्पादनजस्ता प्रमुख क्षेत्रहरूमा आपूर्ति श्रृङ्खलालाई कमजोर पार्नेछ।

ट्रम्पले सोमबार आयोजित पत्रकार सम्मेलनमा भन्नुभयो, "करहरू निर्धारित समयमा नै लागु हुनेगरी प्रक्रियाहरू अघि बढिरहेका छन्।

### युक्रेनको शान्तिको अर्थ 'आत्मसमर्पण' हुन नसक्ने म्याक्रोँको भनाइ

वासिङ्टन, १३ फागुन (रासस/एएफपी)।

फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रोँले शान्तिको अर्थ युक्रेनको 'आत्मसमर्पण' हुन नसक्ने चेतावनी दिनुभएको छ।

उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको वार्ताले ट्रान्साटलान्टिक तनावका बावजुद अगाडिको बाटो निर्धारण भएको बताउनुभयो।

रूसले युक्रेन आक्रमण सुरू गरेको तेस्रो वर्षगाँठको अवसरमा ह्वाइट हाउसमा भएको भेटमा दुवै नेताले युक्रेनमा शान्ति सैनिक पठाउने विचारमा प्रगति भएको बताएका थिए।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले 'यस वर्ष' शान्तिका लागि आह्वान गरेका बेला किएभमा युरोपेली नेताहरूसँग भेट गर्नुभएको छ।

मङ्गलबार बिहान युक्रेनमा हवाई आक्रमणको चेतावनीको सङ्केतस्वरूप साइरन बजेपछि अधिकारीहरूले व्यापक क्षेप्यास्त्र आक्रमण हुनसक्ने चेतावनी जारी गरेका थिए।

मङ्गलबार भएको आक्रमणमा कम्तीमा पाँच जना घाइते हुनुका साथै कैयौं भवनमा क्षति पुगेको बताइएको छ।

छिमेकी देश पोल्याण्डका अधिकारीहरूले क्षेप्यास्त्र आक्रमणको जवाफमा सैन्य विमानहरू तैनाथ गरिएको बताएका छन्।

संयुक्त राष्ट्रसङ्घमा, संयुक्त राज्य अमेरिकाले सोमबार दुई पटक रूसको पक्ष लिएको थियो, किनकि वासिङ्टनले आफ्नो पश्चिमी समर्थक छिमेकीमाथि मस्कोको आक्रमणको कुनै पनि निन्दाबाट बच्न चाहेको थियो।

"यो शान्तिको अर्थ युक्रेनले आत्मसमर्पण गर्नु होइन," ट्रम्पसँगको संयुक्त पत्रकार सम्मेलनमा म्याक्रोँले भन्नुभयो।

राष्ट्रपति म्याक्रोँले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग पुनः वार्ता गर्न ट्रम्पसँग 'राम्रो कारण' रहेको तर वासिङ्टनले कुनै पनि युरोपेली शान्ति सेनालाई 'सहयोग' प्रदान गर्नु महत्वपूर्ण रहेको बताउनुभयो।

फ्रान्सेली राष्ट्रपति म्याक्रोँले बिहीबार ह्वाइट हाउसको भ्रमण गर्ने बेलायती प्रधानमन्त्री केइर स्टार्मरसँग युक्रेनमा शान्ति सेना पठाउने प्रस्तावमा काम गर्ने बताउनुभएको छ।

"अमेरिकी राष्ट्रपति ट्रम्पसँग कुरा गरेपछि अगाडि बढ्ने बाटो छ भन्नेमा म पूर्णरूपमा विश्वस्त छु," म्याक्रोँले भन्नुभयो।

**एक हप्तामा युद्ध अन्त्य गर्न सकिने**

ट्रम्पले रुससँगको कूटनीतिक वार्ता पुनः सुरु गर्न र युक्रेन युद्ध अन्त्यका लागि वार्ता गर्न आफू तयार रहेको घोषणा गरेपछि फ्रान्सका राष्ट्रपति वासिङ्टन पुग्नुभएको थियो।

ट्रम्पले हालै रूससँग नजिकिएपछि यसले किएभलाई प्राप्त अमेरिकी समर्थन समाप्त पार्न सक्ने मात्र होइन, बाँकी युरोपका लागि पनि खतरा उत्पन्न भएको छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले युद्ध अन्त्य हुनेमा आफू विश्वस्त रहेको र आगामी दुई हप्तामा ह्वाइट हाउसमा जेलेन्स्कीले युक्रेनको दुर्लभ खनिजपदार्थमा वासिङ्टनको पहुँच प्रदान गर्ने सम्झौतामा हस्ताक्षर गर्ने अपेक्षा गरेको बताएका छन्।

"मलाई लाग्छ कि यदि हामी अपेक्षाकृत रूपमा अघि बढ्न सकेमा हामी यसलाई हप्ताभित्र अन्त्य गर्न सक्छौं। तर, सशक्तरूपमा काम भएन भने यो अलिक लामो समय जारी रहनेछ," ट्रम्पले ओभल अफिसमा म्याक्रोँसँगै गरेको पत्रकार सम्मेलनमा भन्नुभयो।

# वीरगञ्ज नाका हुँदै सात महिनामा एक खर्ब चार अर्बको पेट्रोलियम पदार्थको आयात

पर्सा, १३ फागुन (रासस) ।
चालु आर्थिक वर्षको सात महिनामा वीरगञ्ज नाका हुँदै रु एक खर्ब चार अर्ब ७६ करोड मूल्य बराबरको बराबरको डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्वाइन फ्युल (एटिएफ), मट्टितेल आयात भएको छ ।

गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा रु ८४ करोड बढीको पेट्रोलियम पदार्थ आयात भएको हो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीले चालु आवको पछिल्ला महिनामा पेट्रोलियम पदार्थको आयात र राजस्व दुवैमा वृद्धि भएको बताउनुभयो ।

"पूर्वाधार निर्माणको सिजन सुरु भएकाले पनि पेट्रोलियम पदार्थको आयातमा वृद्धि भएको हो", उहाँले भन्नुभयो । गत आवको सात महिनाको अवधिमा भने रु एक खर्ब तीन अर्ब ९२ करोड मूल्य बराबरको पेट्रोलियम पदार्थको आयात भएको थियो ।

कार्यालयका अनुसार चालु आवको सात महिनाको अवधिमा सबैखालका पेट्रोलियम पदार्थको आयातबाट रु ४३ अर्ब ११ करोड राजस्व सङ्कलन भएको छ । जबकी गत आवको सोही अवधिमा सबैखालको पेट्रोलियम पदार्थको आयातबाट रु ३८ अर्ब ६५ करोड राजस्व सङ्कलन भएको थियो ।

चालु आवको सात महिनामा रु ५१ अर्ब ७९ करोड बराबरको पाँच लाख ८१ सात सय ९९ किलोलिटर डिजेल आयातबाट रु २३ अर्ब १० करोड राजस्व सङ्कलन भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ । त्यस्तै चालु आवको सात महिनामा रु २२ अर्ब १४ करोड मूल्य बराबरको दुई लाख ५५ हजार पाँच सय ४२ किलोलिटर पेट्रोल आयात हुँदा रु १४ अर्ब ४९ करोड राजस्व सङ्कलन भएको छ । चालु आवको सात महिनाको अवधिमा रु २० अर्ब ९० करोड मूल्य बराबरको १८ करोड २९ लाख ९४ हजार छ सय २४ किलोग्राम एलपिजी आयात भएको छ । सो आयात हुँदा रु तीन अर्ब ९१ करोड राजस्व सङ्कलन भएको छ ।

# दुर्घटनामा परेकाको निःशुल्क उपचार गर्न माग

काठमाडौँ, १३ फागुन (रासस) ।
प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरूले सडक दुर्घटनामा परेकाको राज्यले निःशुल्क उपचारको व्यवस्था गर्न माग गरेका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसद रामहरि खतिवडाले सडक दुर्घटनामा परेका घाइतेको निःशुल्क उपचारको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । काभ्रेभञ्ज्याङमा मंगलबार भएको बस दुर्घटनाको विषय पनि उहाँले संसदमा उठाउनुभयो । यस्तै ज्येष्ठ नागरिकका लागि राष्ट्रिय परिचयपत्र बाध्यकारी नबनाउन र सम्बन्धित पालिकाबाटै राष्ट्रिय परिचयपत्र बनाउन मिल्ने व्यवस्था गर्न सांसद खतिवडाले संसदमार्फत सरकारसँग माग गर्नुभयो ।

यस्तै सांसद देवेन्द्र पौडेलले विभिन्न सडक दुर्घटनामा परेकाको निःशुल्क उपचार गर्न माग गर्नुभयो । दुर्घटनामा कमी ल्याउन सडक सुरक्षा प्रभावकारी बनाउने र ट्राफिक नियमको पालनामा कडाइ गर्नुपर्ने उहाँको सुझाव छ । राति दुर्घटना हुँदा घाइतेको उद्धार गर्न राज्यसँग 'नाइटभिजन' हेलिकोप्टर नहुनु दुःखद भएको सांसद पौडेलको भनाइ छ ।

–सांसद ज्ञानबहादुर शाहीले सरकारले अधिकांश स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउन नसकेको र कतिपय पालिकाका कर्मचारीले तलब पाउन नसकेको विषय संसदमा उठाउनुभयो । चालु आर्थिक वर्ष २०८१/८२ को बजेटमार्फत स्थानीय तहका लागि विनियोजन भएको वित्तीय समानीकरण अनुदान अर्धवार्षिक समीक्षापछि कटौती गरिएकामा उहाँले आपत्ति जनाउनुभयो ।

सांसद अनिता देवीले कर्मचारीलाई जनप्रतिनिधिले सहयोग नगरेको विषय संसदमा उठाउनुभयो । त्यस्तै, पाथीभरा क्षेत्रमा भएको विवादलाई समाधान गर्न सरकारले भूमिका खेल्नुपर्ने उहाँले बताउनुभयो ।

सांसद लालवीर चौधरीले जङ्गली जनावरको आक्रमणबाट ज्यान गुमाउने र घाइते हुनेको सङ्ख्या दिनानुदिन बढिरहेको उल्लेख गर्दै उक्त समस्या समाधानका लागि पहल गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो । राष्ट्रिय निकुञ्ज, वन क्षेत्र र भारतीय सीमा क्षेत्रमा जङ्गली जनावरको आक्रमण बढेको उहाँले बताउनुभयो ।

सांसद डा अमरेशकुमार सिंहले विभिन्न धार्मिक सम्प्रदायबीच वैमनस्यता उत्पन्न हुने र सामाजिक सद्भाव बिग्रिने गरी सामाजिक सञ्जालमा आउने अभिव्यक्तिमाथि निगरानी र नियन्त्रण आवश्यक रहेको बताउनुभयो ।

# प्रहरीद्वारा एकै महिनामा ५२ करोड बढी राजस्व सङ्कलन

काठमाडौँ, १३ फागुन (रासस) ।
नेपाल प्रहरीले विभिन्न आपराधिक क्रियाकलाप नियन्त्रणका क्रममा एकै महिनामा रु ५२ करोड ४७ लाख बढी राजस्व सङ्कलन गरेको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले गत माघमा देशभरबाट रु ५२ करोड ४७ लाख छ हजार आठ सय ७९ रूपैयाँ राजस्व सङ्कलन गरेको जानकारी दिनुभयो ।

सबैभन्दा बढी अदालती फैसला कार्यान्वयनमा राजस्व सङ्कलन गरिएको छ । फरार अपराधी पक्राउलगायतबाट मात्रै रु २३ करोड ९२ लाख ९१ हजार बढी राजस्व सङ्कलन गरिएको छ । यो कुल राजस्व सङ्कलनको ४५ प्रतिशतभन्दा बढी हो ।

त्यसपछि भन्सार छलिका मालसामान बरामदबाट रु १६ करोड २७ लाख राजस्व सङ्कलन गरिएको छ । त्यसैगरी ट्राफिक कारबाहीबाट रु नौ करोड ५९ लाख, अवैध सुन चाँदी बरामदबाट रु एक करोड, हुण्डी कारोबार गर्नेबाट ३७ लाख राजस्व सङ्कलन गरिएको प्रवक्ता आचार्यले बताउनुभयो ।

उहाँका अनुसार स्रोत नखुलेको रकम रु ८१ लाख, अवैध नदीजन्य पदार्थ उत्खनन् नियन्त्रणका क्रममा रु २२ लाख ५३ हजार, अवैध काठ बरामदबाट रु आठ लाख ९१ हजार र अवैध पशुपन्छी नियन्त्रणबाट रु १५ लाख ७१ हजार राजस्व सङ्कलन भएको छ ।

# प्रेम विवाहको विषयमा झडप हुँदा १९ घाइते

नवलपरासी, १३ फागुन (रासस) ।
प्रेम विवाहको विषयमा पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका-३ बेलासपुरमा मंगलबार दुई पक्षबीच झडप हुँदा १९ जना घाइते भएका छन् ।

इलाका प्रहरी कार्यालय महेशपुरको बा१फ ७४४८ नंको गाडीमा आगजनी भएको छ । नेपाल प्रहरीका ११, सशस्त्र प्रहरीका चार र स्थानीय चारजना घाइते भएको प्रहरीले जनाएको छ । झडपमा घाइते भएका पाल्हीनन्दन गाउँपालिका-३ कुश्माका ३५ वर्षीय विजय धवलको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक नारायण थापाले बताउनुभयो । धवलको भैरहवास्थित सिटी अस्पतालमा उपचार भइरहेको छ । केटीपक्षका सोवराती पवरियाले चलाएको लु१त ७७०० नंको पिकअपले ठक्कर दिँदा धवल गम्भीर घाइते हुनुभएको हो । धवलको पेटमा चोट लागेको छ । धवलसँगै सोही स्थान बस्ने ४५ वर्षीय बैजनाथप्रसाद लोनियलाई पनि गाडीले ठक्कर दिएको हो । लोनियको दुवै खुट्टामा चोट लागेको छ ।

प्रहरीले घटनालाई नियन्त्रणमा लिन पाँच राउन्ड अश्रु ग्यास र तीन राउण्ड हवाई फायर गरेको प्रहरी निरीक्षक थापाले जानकारी दिनुभयो । केटाकेटीको प्रेम सम्बन्धलाई लिएर सुरु भएको विवादले झडपको रुप लिएको थियो । केही दिनअगाडि एक स्थानीय केटा र केटीबीच भागी विवाह भएको थियो । पछि दुवै जनालाई प्रहरीले छलफलपश्चात् अभिभावकको जिम्मा लगाएको थियो । तर केही दिनपछि उनीहरू फेरि भागेपछि दुई परिवारका बीचमा मनमुटाव सुरु भएको हो ।

सोमबार केटीपक्षले केटाका दाइलाई कुटपिट गरेका थिए । सोही विषयमा मंगलबार झडप भएको हो । केटीपक्षका सयौँ मान्छेहरू मोहरम पवरियाको घर घेर्न आउँदा ढुङ्गा हानाहान भएको थियो । पवरियाको कवाडी सङ्कलन स्थलमा पनि आगजनी भएको छ । केटी पक्षका सोवराती पवरियाले केटापक्षका मान्छेलाई गाडीले ठक्कर दिएपछि झडपले उग्ररुप लिएको प्रहरीले जनाएको छ ।

ठक्कर दिने चालक पवरिया र गाडी दुवैलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाको सम्बन्धमा सोधपुछका लागि प्रहरीले चार महिलालाई नियन्त्रणमा लिएको जनाएको छ ।

# मधेसका किसान समूहलाई दुई अर्ब अनुदान दिइने

महोत्तरी, १३ फागुन (रासस) ।
मधेशका पशुपक्षीपालन गर्ने किसानले अनुदान पाउने भएका छन् । कृषि तथा पशुपक्षी विकास मन्त्रालयको बर्दिबासस्थित आर्थिक करिडोर आयोजना कार्यालयले मधेसका एक सय ७९ किसान समूहलाई दुई अर्ब अनुदान उपलब्ध गराउने प्रकृया अन्तिम चरणमा पुगेको जनाएको छ ।

विश्व बैङ्कको आर्थिक सहयोगमा सञ्चालित यस कार्यक्रमले किसानलाई व्यावसायिक कृषि र उत्पादनमुखी कार्यमा अभिप्रेरित गर्ने उद्देश्यले अनुदान दिन लागिएको कार्यालय प्रमुख सुरेन्द्र यादवले जानकारी दिनुभयो ।

कार्यालयले प्रदेशका आठवटै जिल्लाका किसान समूह छनोट गरेको छ । ती किसान समूहमा पाँच हजार बढी किसान आबद्ध रहेको कार्यालयका सूचना अधिकृत सन्तोस प्रकाशको भनाइ छ । छनोटमा परेका समूह र त्यसमा आबद्ध किसानको सङ्ख्या र प्रस्तावनाका प्रकृतिका आधारमा अनुदान रकम दिइने कार्यालयले जनाएको छ ।

रौतहटमा सबैभन्दा बढी रु ५५ करोड, सिरहामा ४०, सप्तरीमा ३१, महोत्तरीमा २६, धनुषामा २३, सर्लाहीमा १६, बारामा १४ र सबैभन्दा कम पर्सामा सात करोड करोड अनुदान दिइने छ । समूहले ल्याएका प्रस्तावमा सम्बन्धित समूहले कूल लागतको ५५ प्रतिशत र कार्यालयले ४५ प्रतिशत लगानी गर्नुपर्ने प्रावधान छ ।

प्रदेशभित्रका पूर्वपश्चिम र हुलाकी राजमार्गले छोएका ८४ स्थानीयतहमा उक्त कार्यक्रम सञ्चालित छ । साना उत्पादक र कृषि मूल्य शृङ्खलामा आबद्ध किसानबीचको बजार सम्बन्धको प्रवर्द्धन तथा उद्यमशीलता विकासका लागि सहयोगी वातावरण निर्माणमार्फत ग्रामीण उद्यम विकास गर्ने आयोजनाको मुख्य उद्देश्य छ ।

किसान समूहलाई दिइने अनुदानलाई कार्यालयले नवप्रवर्तन अनुदानको रूपमा परिभाषित गरेको छ । छनोट भएका समूह, संस्था र सहकारीमा आबद्ध लाभाग्राहीले प्रगति प्रतिवेदन पेस गरेपछि मात्र भुक्तानी प्रकृया अघि बढ्ने हुँदा अपेक्षित परिणाम प्राप्त हुने कार्यालयले ठम्याइ छ । अनुदान चार किस्तामा दिइने र त्यसअघिको प्रगति विवरण प्रतिवेदवन अनिवार्य हुँदा किसानले कामको परिणाम देखाउनै पर्ने प्रावधान छ ।

छनोट भएका किसान समूहले पक्षीपालन, बीउ वृद्धि, भैंसीपालन, दूध डेरी, बाखापालन, माछापालन र बङ्गुरपालका प्रस्तावना पेस गरेका छन् । जसमध्ये सहकारी तथा वस्तुगत संस्थाले पहिलो चरणको भुक्तानी लिएर काम सुरु गरिसकेको कार्यालयले जनाएको छ ।

*श्रम स्वीकृति ...*

गरेको छ । सो दूतावासले सोमवार दुई नेपाली नागरिकलाई उद्धार गरेर नेपाल फिर्ता पठाएको हो ।

दूतावासले कसैको प्रलोभन परी छिटो, धेरै पैसा कमाउने हेतु वैदेशिक रोजगारीमा नआउनका लागि सम्बन्धित सबैमा पुनःअनुरोध गरेको छ ।

*कानुन व्यवसायीले ...*

मुद्दा चलाएको थियो ।

प्रतिवादी चौधरीको बयान र कागजातका आधारमा वैदेशिक रोजगार ऐन अन्तर्गत चलाईएको उक्त मुद्दा वैदेशिक रोजगार विभाग तिनकुने काठमाडौं पुग्यो । तर उक्त विभागबाट पनि न्याय पाउन ढिलाई र आलटाल हुन थालेपछी झाले न्यायका लागी तत्कालिन पुनरावेदन अदालत पाटन पुगे ।

वैदेशिक रोजगार विभागलाई विपक्षी बनाई झाले दायर गरेको परमादेश मुद्दामा २०७१ साल चैत्र ११ गते सो अदालतका न्यायधिश पुस्पराज कोइराला र नित्यानन्द पाण्डेको संयुक्त इजलाशले सुनवाई गर्दै उनको पक्षमा आदेश जारी गर्‍यो ।

तर अदालतले गरेको आदेशको १० वर्ष वितिसक्दा पनि कार्यान्वयन नभएपछी पछिल्लो पटक उनी वैदेशिक रोजगार विभाग विरुद्ध अदालतको अवेल्हना मुद्दा लिएर उच्च अदालत पाटन पुगेका थिए । जसमा उनले अदालतले गरेको आदेशको १० वर्ष वितिसक्दा पनि कार्यान्वयन हुन नसक्दा आफु न्याय पाउनबाट बञ्चित रहेको जिकीर गरेका थिए ।

उक्त मुद्दा उपर सुनुवाई गर्दै मुख्य न्यायधिश नृपध्वज निरौला र न्यायधिश कृष्णराम कोइरालाको संयुक्त इजलाशले यस अघि जारी भएको परमादेशको एक महिना भित्र कार्यान्वय गरी अदालतलाई जानकारी दिनु भनी विपक्षी वैदेशिक रोजगार विभागको नाममा आदेश जारी गरेपछि आफु अब न्याय पाउने विश्वास बढेको कानून व्यवसायी झाले बताए ।

## पेनसन पट्टा हराएको सुचना

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी तिलाठी कोइलाडी गाउँपालिका ८ निवासी उर्मिला देवी देवले दिएको निवेदन अनुसार स्व.महेन्द्र लाल देवको पा.व.नि.भ.को अधिकार पत्रको क्रम संख्या ६३८७७ र अ.पा.वृ.को अधिकार पत्रको क्रम संख्या ६५९७६ हराएको हुदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न उल्लेखित ठेगानामा बुझाइदिन हुन आग्रह गर्दछु ।

**उर्मिला देवी देव**
जिल्ला सप्तरी, तिलाठी कोइलाडी गाउँपालिका ८

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*